आज मिति २०७७ साल फागुन २८ गते शुक्रबारका दिन विहान ११.०० बजे यस त्रिवेणी गाउँपालिकाको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री छबिलाल खत्री | १ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | २ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | ३ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री छविराज शर्मा | ४ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री डिल्ली बहादुर बोहरा | ५ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री मान बहादुर वली | ६ नं वडा अध्यक्ष, त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवल सिंह सार्की | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका, |
| श्री वसुन्धरा पुन | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |

**आमन्त्रित :**

श्री तिलक रावल, अधिकृत

श्री पहलमान वली, अधिकृत

श्री सन्तोष सापकोटा, लेखापाल

**तपसिल**

१) प्रदेश समपुरक अनुदान सम्बन्धमा ।

२) प्रदेश विशेष अनुदान सम्बन्धमा ।

३) वडाहरुमा गाडिएका विद्युत पोल उखेली स्टोर गर्ने सम्बन्धमा ।

४) आर.टि.सी.स्थापना सम्बन्धमा ।

५) विविध सम्बन्धमा ।

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०७८।७९ का लागि प्रदेश स्तरीय समपुरक अनुदान मार्फत् सञ्चालन गर्न तपसिलका योजना तथा कार्यक्रममा बजेटको व्यवस्था गरिदिन योजना तथा कार्यक्रम छनोट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) गा.पा.को प्रशासकीय भवन निर्माण | रु. २ करोड |
| २) वडा नं. ३ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माण | रु. २ करोड |
| ३) वडा नं. १ र वडा नं. २ को स्वास्थ्य चौकी भवन निर्माण | रु. २ करोड |
| ४) वडा नं. २ को राजागिठी खानेपानी योजना निर्माण | रु. १ करोड |

**निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०७८।७९ का लागि प्रदेश स्तरीय विशेष अनुदान मार्फत् सञ्चालन गर्न तपसिलका योजना तथा कार्यक्रममा बजेटको व्यवस्था गरिदिन योजना तथा कार्यक्रम छनोट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा नं. ६ मा डम्पिङ साइट निर्माण | रु. |
| २) वडा नं. १ र ३ रिखेबरमा गा.पा.स्तरीय खेलकुद मैदान निर्माण | रु. |
| ३) वडा नं. ४ मावि रेख २ कोठे भवन निर्माण | रु. |

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा नं. ६ लुहाममा रहेको जग्गामा गाउँपालिका स्तरीय १० शैयाको अस्पताल भवन निर्माणको लागि डि.पि.आर. तयार गराउने निर्णय गरियो ।

निर्णय नं. ४,

प्रस्ताव नं. ४ माथि छलफल गर्दा (यस अघिको बैठकको निर्णय नं. १ अनुसार वडा नं. २ को अध्यक्षसंग डाटा मागेर लेख्ने)

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाभित्र रहेका अति शीघ्र कुपोषण भएकाहरुलाई उपचार गर्न त्रिवेणी स्वास्थ्य चौकीलाई केन्द्र तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ६ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समिति, सल्यानसँग लागत इस्टिमेट बमोजिम यस गा.पा.को समेत लागत साझेदारीमा कार्य गर्ने गरी जिल्ला समन्वय समिति सल्यानमा रकम मागको अनुरोध गर्ने निर्णय गरियो ।